# विपश्यना

साधकहरुका लागि
प्रेरणा पत्र

बुद्ध वर्ष २५५४ चैत्र २०६७ वर्ष २७ अङ्क १२


## धम्मवाणी

**सुभासितं उत्तमाहु सन्तो, धम्मं भणे नाधम्मं तं दुतियं । पियं भणे नाप्पियं तं ततियं, सच्चं भणे नालिकं तं चतुत्थन्ति ॥**

– *सुत्तनिपात ३/३*

**सन्तहरूले कल्याणकारी असल वाणीलाई उत्तम वाणी भनेका छन् । धर्मको वाणी बोल्नु अधर्मको वाणी होइन–यो दोस्रो उपदेश हो । प्रिय वाणी बोल्नु अप्रिय होइन–यो तेस्रो उपदेश हो । सत्य वाणी बोल्नु असत्य होइन–यो चौथो उपदेश हो ।**

यस्तो हुनुहुन्थ्यो गुरुदेव

## सयाजी उ वा खिन

सयाजी उ वा खिनको जन्म बर्मा (म्यानमार) को राजधानी रंगूनमा ईश्वी सन् १८९९ मार्च महिनाको ७ तारिखको दिन भएको थियो । वर्माको एक मध्यम वर्गीय सानो परिवारका उनी सबभन्दा कान्छो सदस्य थिए । त्यस समयमा बर्मा अंग्रेज सरकारको अधिनमा थियो । अंग्रेजी भाषा राम्ररी बोल्न सक्ने व्यक्तिले सरकारी वहदामा सजिलै जागीर पाउँदथ्यो । अत: अंग्रेजी भाषाको अध्ययन अति महत्वपूर्ण थियो ।

उ वा खिनको एकजना परिचित व्यक्तिले उनलाई आठ वर्षको उमेरमा स्कूलमा भर्ना गरिदिए । उ वा खिन खूब मिहेनत साथ पढ्न थाले । अंग्रेजी ग्रामरको किताब उनलाई कण्ठ थियो, उनको स्मरण शक्ति पनि तीब्र थियो । उनी प्रत्येक कक्षामा पहिला हुन्थे अत: उनले माध्यमिक स्कूलका लागि छात्रवृत्ति पाए । एक जना बर्मी शिक्षकको मार्फत् उनले सेण्ट पलको शिक्षण संस्थामा अध्ययन गर्ने मौका पाए । त्यहाँ पनि हरेक जाँचमा उनी पहिला नै हुन्थे ।

सन् १९१७ सालमा उनले माध्यमिक स्तरको पढाई समाप्त गरे, उनले स्वर्ण पदक सहित कलेजको छात्रवृति प्राप्त गरे । तर परिवारका सदस्यहरूले पढाईको बदलामा पैसा कमाउने काममा जोड दिए । उनले उच्च शिक्षा हाशिल गर्न पाएनन् ।

उनले सबभन्दा पहिला बर्मी पत्रिका “The Sun” मा काम गरेका थिए । पछि एकाउण्टेण्ट जनरलको अफिसमा एकजना कर्मचारीको रूपमा काम गर्न थाले । त्यस अफिसमा बर्मी नागरीकहरू कम संख्यामा मात्र थिए र माथिल्लो ओहदामा ब्रिटिश तथा भारतीयहरू नै बढी थिए । सन् १९२७ मा उनले व्यवस्थापनको सेवा सम्बन्धी जाँच पास गरे । यो जाँच भारतीय सरकार अन्तरगत हुन्थ्यो । सन् १९३७ मा बर्मा भारतबाट अलगिए पछि उनले विशेष सरकारी नोकरी पाए ।

१९३७ जनवरी १ तारिखको दिन सयाजीले पहिलो पल्ट साधनाको अभ्यास गरेका थिए । उनले पहिलो पल्ट सया थेत्जीको एकजना शिष्यसंग आनापान साधना सिके । उनी एकजना कृषक थिए र साधनाका अचार्य पनि थिए । जब उ वा खिनले साधनाको अभ्यास गर्न थाले उनको एकाग्रता तीब्र रूपमा बृद्धी भयो । यसबाट उनी एकदम प्रभावित भए । यस साधना पछि उ वा खिनले सया थेत्जीको शिविर स्थलमा १० दिनको लागि आवेदन दिए ।

सयाजीको विपश्यना साधना सिक्ने मनोकांक्षा एकदम तीब्र थियो । उनले बिदा पाउनको लागि अफिसमा एउटा चिठ्ठी छोडे । आनापान सिकेको एक हप्ता पछि नै उनी थेत्जीको शिविर स्थल प्याउजीमा पुगे । प्याउजी रंगून नदी पार गरेर जानु पर्दथ्यो र बाटोमा कोशौं धानवाली थियो । हुनत शहरबाट आठ माइल मात्र टाढा थियो तर माटोको हिलो बाटोले गर्दा यात्रा कठीन नै थियो । उनले रंगून नदी पार गरे पछि एउटा दुङ्गा भाडामा लिए र फ्यार्सुसम्म पुगे । जुन प्याउजीको बीच बाटोमा पर्दथ्यो । त्यहाँबाट नदीको किनारै किनार हिंड्न थाले, जहाँ एकदम गिलो माटो थियो जुन घुँडासम्म पुग्थ्यो । आधि बाटो यसरी हिंडेर नै पार गरे ।

सया थेत्जीले त्यही रात उ वा खिन र लेदी सयादोको एकजना शिष्यलाई आनापानको निर्देशन दिनुभयो । दुवैजनाले एकदम मिहेनत पूर्वक काम गरे, उनीहरू दुवैजनालाई भोलीपल्ट नै विपश्यना दिइयो । सयाजीले यस शिविरमा अपूर्व लाभ उठाए र त्यसपछि पनि पटक पटक यस साधना स्थलमा गएर अभ्यास गरिरह्यो ।

शिविर पश्चात जब उनी अफिसमा फर्के उनको टेबलमा एउटा चिठ्ठी राखिराखेको थियो । उनले सोच्यो कि यो बर्खास्त गरेको पत्र होला तर जब चिठ्ठी खोले, एकदम आश्चर्य चकित त्यो त बढुवा गरेको पत्र पो रहेछ । उनी अडिटर जनरलको अफिसमा विशेष सरकारी सुपरिटेण्डेण्टको लागि छानिएको रहेछ ।

सन् १९४१ मा एकजना बर्मी भिक्षु वेबु सयाडोसंग उनको भेट भयो । उनी साधनामा उच्च फल प्राप्त गरिसकेका व्यक्ति थिए । उ वा खिनको साधना प्रतिको लगाव देखेर वेबु सयाडो प्रभावित हुनुभयो र उनलाई साधना सिकाउनु भयो । वेबु सयाडोको उनी पहिलो शिष्य थिए । पछि पनि यी दुईजनाको भेटघाट भई नै रह्यो । उनीसंग भेट भएको १० वर्ष पछि उनैको अनुरोधमा उ वा खिनले विपश्यना सिकाउन थाल्नुभयो । बर्मामाथि जापानी सरकारको अधिपत्य रहेको समयमा केही कारणवश सया थेत्जी रंगून आउनु भएको थियो । रंगूनका अन्य शिष्यहरूले सयाजीलाई बरोबर भेट्न चाहे तर त्यो त सम्भव थिएन । आफ्ना शिष्यहरूलाई सम्झाउँदै उहाँले भन्नुभयो “म त एकजना डाक्टर जस्तै हुँ आवश्यक परेमा मात्रै भेट्न सकिन्छ तर उ वा खिन त एकजना नर्स जस्तै हो जस्ले बारबार हेर्न आउँछ ।”

सयाजी उ वा खिनले आफ्नो जीवनको बाँकी २६ बर्ष सरकारी सेवाको साथसाथै आफ्नो पारिवारिक जिम्मेवारी र साधना सिकाउने काम गरिरहे । सरकारी सेवा छोडे पछि केवल चार वर्ष मात्रै साधना सिकाउने अवसर पाए । उहाँ एकजना गृहस्थ हुनुहुन्थ्यो तै पनि उनका अन्तिम दिनहरूमा साधना स्थल इन्टरनेशनल मेडिटेशन सेन्टर (I.M.C.) मा नै रहनुहुन्थ्यो । उनका पाँच छोरीहरू र एकजना छोरा थिए ।

सन् १९५४ देखि ५६ सम्म बर्मामा भएको छठ्ठ संघाएनमा सयाजीले ठूलो भूमिका निभाउनु भएको थियो । उहाँ Union of Burma Buddha

Downloaded from http://www.dhamma.digital

Sasana Council (U.B.S.C.) का संस्थापक सदस्य थिए र पटिपत्ति कमिटिका अध्यक्ष थिए। उहाँले संघायनमा दान संकलन तथा लेखा परिक्षकको रूपमा काम गर्नुभएको थियो। संघायनमा पाल्नु भएका आगन्तुक व्यक्तिहरूको खर्च व्यहोर्ने काम उहाँको थियो। संघायनमा पाल्नु भएका क्याम्बोदिया, बर्मा, श्रीलंका, थाइलैण्ड, भारत र लावोसका भिक्षुहरूका लागि आवश्यक निवास, भान्छा, अस्पताल, पुस्तकालय, संग्रहालय र व्यवस्थापनका लागि आवश्यक भवनहरू १७० एकर जमीनमा निर्माण गरिएका थिए। भिक्षुहरू समूह-समूहमा विभाजित थिए। श्रीलंका, बर्मा, थाइलैण्ड र कम्बोडियामा प्रचलित त्रिपिटकहरू दाँजेर शुद्ध पाली त्रिपिटकको प्रकाशन गर्ने कार्य भिक्षुहरूले गर्नुहुन्थ्यो। शुद्ध गरिएका पुस्तकमात्र "महापसनगुफा" मा पारायन गरिन्थ्यो। यस पाठलाई सुन्न १०-१५ हजार गृहस्थहरू आउँदथे।

यस संघायनमा प्राप्त लाखौं रूपियाँको दानलाई व्यवस्थित एवं सरल बनाउन उहाँले विभिन्न नयाँ प्रविधिहरू अपनाउनु भएको थियो। उहाँले यसपछि U.B.S.C. मा सन् १९६७ सम्म विभिन्न वहदामा रही काम गर्नु भयो। उहाँले आफ्नो गृहस्थ्यको जिम्मेवारी तथा सरकारी सेवा लगायत बुद्धको धर्म सन्देशलाई प्रचार गर्ने काममा आफूलाई पूर्ण समर्पित गर्नुभएको थियो। छट्ठ संघायनमा आएका विदेशीहरूलाई साधना सम्बन्धी निर्देशन दिने कार्य सयाजीलाई सुम्पिएको थियो। किनभने त्यसवेला बर्मामा अंग्रेजी भाषा सरल रूपमा बोल्न सक्ने अरू थिएनन्।

सरकारी सेवाको व्यस्तताको कारण ज्यादै कम संख्यालाई मात्र साधना सिकाउन पाउँदथे, तर यी थोरै संख्या पनि विभिन्न समुदायका थिए। उच्च पदाधिकारीहरू, भारतीय व्यापारीहरू, विदेशी निकायका सदस्यहरू, विदेशी भिक्षुहरू पनि शिविरमा भाग लिन आउँदथे। विभिन्न स्थानमा आयोजना गरिने प्रवचन समारोहमा धर्म प्रवचन दिनको लागि उहाँलाई बोलाइन्थ्यो। उहाँले एकपटक एउटा चर्चमा नियमित प्रवचन दिनुभएको थियो। यस प्रवचनलाई सम्पादन गरी "What Buddhism is" भन्ने शिर्षकमा सानो पुस्तिका प्रकाशन गरिएको थियो। यस पुस्तिकालाई विभिन्न राजदूतावास तथा बौद्ध संस्थाहरूमा वितरण गरियो। यस प्रचारले धेरै विदेशीहरूले विपश्यना साधना गर्ने प्रेरणा प्राप्त गरे। उहाँले इजरायलका प्रधानमन्त्री बर्मामा आउनु हुँदा त्यहाँका एक पत्रकार समूहलाई पनि प्रवचन दिनु भएको थियो। यस प्रवचनलाई पछि "The Real Value of True Buddhist Meditation" भन्ने शिर्षकमा प्रकाशन गरे।

सयाजी ऊ बा खिनले प्रशाशकीय सेवाको सिलसिलामा मात्र होइन सम्पूर्ण जीवन नै उच्च सैद्धान्तिक रूपमा बिताउनु भएको थियो। सिद्धान्त विरूद्ध कुनै पनि प्रकारको सम्झौता गर्नु उहाँको स्वभावको सर्वथा विरूद्ध थियो। अनीतिपूर्ण तरिकाले धन संचय गर्नु उहाँको लागि अशक्य थियो। यही कारणले लामो समयसम्म प्रशासनिक सेवा गरे तापनि अवकाश उपरान्त उहाँ कंगाल नै हुनुभयो।

क्रय विक्रयको व्यवसाय हुने सरकारी निगमको उच्च पदमा नियुक्त भयो भने केही वर्षमा नै मालामाल हुन्थ्यो र बाँकी जीवन आरामसंग बित्दथ्यो। परन्तु सयाजी ऊ वा खिनको कुरा भिन्न थियो लामो सरकारी सेवाको अवकाश पाए पश्चात उहाँसँग कूल वचत पूँजी हजार च्याट (बर्मी रुपैयाँ मात्र थियो। उहाँको कुनै घर थिएन। आकाश छुने महँगाईको जमानामा केवल सरकारी नोकरीको भरमा जीवन जीउने व्यक्तिले के नै वचत गर्न सक्छ र ? यद्यपि उहाँले एक समय चार सरकारी विभागहरूको उच्च पदमा रही एकसाथ काम गर्नु भएको थियो। यस्तो व्यक्तिले धन संग्रह कसरी गर्न सक्ला र ?

उहाँ आफ्नो अल्प संचयबाट प्रसन्न हुनुहुथ्यो, सन्तुष्ट हुनुहुन्थ्यो। उहाँ ती दिनहरूमा आश्रममा रहनुहुन्थ्यो। परन्तु आफ्नो बालबच्चाहरूको लागि एउटा सानो घर बनाई दिने चाहना थियो। उहाँले चाँडै घर बनाइदिने एकजना ठेकेदारको खोजी गर्नुभयो। मेरो एकजना ठेकेदार मित्रले थोरै पैसामा दुईवटा कोठा भएको एउटा सानो घर बनाइदिने मञ्जुरी गऱ्यो। घर निर्माणको काम शुरू भयो तर केही कारणवश निर्माण कार्यमा ढिलाई हुँदै गयो र निर्माण सामाग्रीहरूको भाऊ बढ्दै गयो। जसले गर्दा निर्माण कार्य पूरा गर्न अरू १० हजार रूपैंया नपुग हुनगयो। अब गर्ने के ? उहाँ कसैसँग माग्ने खालको मान्छे पनि होइन। उहाँसँग अरू सम्पत्ति पनि थिएन जुन बेचेर नपुग रकम जोड्न सकोस्। त्यस समयमा मेरो लागि त्यो रकम नगन्य थियो। गुरूजीलाई दान दिएर त्यसको पूर्ति गर्नु मेरो लागि गाऱ्हो थिएन। मैले बडो विनीत भावले गुरूजीको सामु आफ्नो प्रस्ताव राखें तर उहाँले स्वीकार गर्नु भएन। एक साधकले आफ्नो इच्छा अनुसार दान दिन सक्छ तर सबै रकम धर्म प्रचार कै काममा प्रयोग हुनु पर्दछ भन्ने उनको सिद्धान्त थियो। उहाँलाई रहन, बस्न तथा खानपिनको प्रवन्ध आश्रममै भैरहेको थियो। यहाँसम्म त स्वीकार्य थियो। तर उहाँको परिवारको निवास तथा भरणपोषणको भार कोही साधकले लिएको उहाँको लागि स्वीकार्य थिएन। घर त उहाँको परिवारको लागि बनिरहेको थियो। एक आचार्यले आफ्नो परिवारको लागि दान स्वीकार गर्नु उहाँलाई उचित लागेन। तर ठेकेदारलाई पूरा रकम नदिई काम पूरा नहुने भयो। अतःत्यो रकम कर्जाको रूपमा लिनको लागि विनीत निवेदन गरें; ता कि घरको काम पूरा होस्। उहाँले मेरो निवेदन स्वीकार गर्नु भयो, खुसी लाग्यो। मैले सोचेको थिएँ कि पैसा लिने कुरा आलताल गर्दै रहुँला र पछि विस्तारै बिर्सि हाल्छ।

तर ऊ वा खिन-ऊ वा खिन नै थियो। प्रत्येक महिनामा जुन पेन्शन प्राप्त हुन्थ्यो त्यो पूरा रकम कर्जा चुक्ता गर्नको लागि बुझाउनुहुन्थ्यो। मरेतुल्य भई स्वीकार गर्नु पर्दथ्यो। मेरो लागि १० हजार रूपैंया मामुली थियो। आफ्नो गुरूलाई प्राप्त हुने पेन्शन पूराका पूरा लिनुपर्ने मेरो विवशता थियो। उहाँको विपन्न परिवारको लागि त्यसको एक पैसा पनि जादैनथ्यो। सम्पूर्ण परिवार उहाँको एउटा छोरोको मासिक तलवको भरमा बाँचिरहेको थियो। त्यो स्थिति मेरो लागि पीडाजनक थियो। तर म विवश थिएँ। केही महिना पश्चात आधा कर्जा चुक्ता भयो। अब केवल पाँच हजार मात्र चुक्ता गर्न बाँकी थियो।

त्यसैताका मलाई पालन पोषण गरेकी आमा सिकिस्त विरामी हुनुभयो। बृद्ध आमालाई सन्मानपूर्वक पालन पोषण गर्नु र विरामीलाई औषधी उपचार गर्नु पुत्रको धर्म हो। म प्रसन्नतापूर्वक सेवामा लागिरहेकै थिएँ। परन्तु पुरानो परम्परा अनुसार आमाको मृत्यु पश्चात श्राद्ध स्वरूप दान कर्म गर्नु पनि पुत्र धर्म नै थियो। मैले सोचें मृत्यु पश्चात दान प्रदान गर्नु भन्दा जीउँदैमा उहाँकै हातबाट दान दिलाउन पाए झन बेस हुनेथियो। मैले बिरामी आमा सामू यो प्रस्ताव राखें, उहाँले आठ-दश सार्वजनिक संस्थाहरूलाई दान प्रदान गर्ने इच्छा व्यक्त गर्नु भयो। फेरि कुनै व्यक्ति विशेषलाई दान दिने इच्छा छ कि भनि सोध्दा परम पूज्य गुरूदेवलाई पाँच हजार रूपैयाँ दान दिने इच्छा व्यक्त गर्नुभयो।

म एकदम खुसी भएँ। मलाई थाहा थियो कि गुरूदेवलाई आमा प्रति बडो स्नेह थियो। गएको सात वर्षदेखि उनी गम्भीरतापूर्वक साधनामा लागेकी थिइन्। जीवनभर जुन कर्मकाण्ड, ब्रत,उपवास,भजन कीर्तनमा लागेकी थिइन् त्यसलाई चटक्कै त्यागेर विपश्यनाको मुक्तिदायिनी धर्मप्रवाहमा प्रसन्न चित्तले लागेकी थिइन्। गुरूदेवले कुनै पनि साधकबाट आफ्नो लागि दान लिनुहुन्नथ्यो। तर आफ्नो त्यस परम-शिष्या बूढी आमा (गुरुदेवले यसरी नै बोलाउनु हुन्थ्यो) को अन्तिम धर्म-ईच्छालाई उहाँले नकार्न सक्नुभएन। साँच्चै

Downloaded from http://www.dhamma.digital

हाँसी-हाँसी उहाँले त्यो दान स्वीकार गर्नुभयो र पुण्यानुमोदन गर्नुहुँदै बूढी आमाको मंगलार्थ तीन पटक साधु ! साधु !! साधु !!! भन्नुभयो ।

म एकदम प्रसन्न भएँ। मैले सोचेको थिएँ कि अब त्यो रकमबाट कर्जा चुक्ता गर्नुहुन्छ हरेक महिना उहाँको पेन्शन लिंदा हुने दु:खबाट मुक्ति पाउने भयो तर मेरो सोचाई गलत साबित भयो ।

गुरूजीले सबै साधकहरूको सामू बूढी आमाको धेरै धेरै प्रशंसा गर्नुभयो । आमाको अन्तिम अवस्थामा स्वयं गुरूजी उपस्थित हुनु भएको थियो । क्यान्सरको असह्य दु:खाई भएतापनि कसरी संयमित भएर सजग एवं शान्त चित्तले अनित्य बोधको साथ यस साधिकाले आफ्नो प्राण त्याग्यो, यस बारेमा सबैलाई बताउनु भयो । साथै भन्नु भयो, उनी कति उदार चित्तकी थिइन् ! यो पाँच हजार रूपैयाँ जुन विशेष रूपले मलाई दिइन भन्दै संगै बसेको आश्रमको सचिवलाई दिनुहुँदै यसबाट यति पैसा यसको लागि, यति पैसा यसको लागि भन्दै पूरा पाँचहजार रूपैंया दुई मिनट मै बाँडफाँड गरिदिनु भयो ।

म अवाक् भएर हेरिरहें । कर्जा बाँकी रहुन्जेलसम्म प्रत्येक महिना ऋण चुक्ता गर्दै जानुभयो । धर्म सिद्धान्तमा दृढतापूर्वक आरुढ धर्मपुरूष यस्तो हुनुहुन्थ्यो ।

शासनसत्ताको निकटतम रहेर पनि उहाँले त्यसको रतिभर पनि दुरुपयोग गर्नुभएन। भ्रष्टाचारको अखाडामा रहेर पनि आफूमा त्यसको आँचसम्म पनि आउन दिनु भएन । अनेक व्यक्तिहरूको सदगुरू भएर पनि धर्म-शिक्षणको नाममा गुरूडम फैलन दिनुभएन । धर्मको नाममा कोही पनि शिष्य माथि शोषण गर्नु भएन ।

मैत्री र करूणाले ओतप्रोत भएको सन्त पुरूषको हृदय कमलको फूल झैं कोमल हुन्छ । परन्तु कर्तव्यपरायणताको क्षेत्रमा जहाँ आवश्यक हुन्छ त्यहाँ बज्र झैं कठोर बन्न पुग्दछ । सयाजी उ वा खिनको जीवनमा यी दुवै प्रकारका गुणहरू पटक पटक भएको पाउँदछौं । ती मध्ये केही घटना यहाँ उल्लेख गर्न लागेको छु ।

४ जनवरी, १९४२ मा ब्रम्हदेश स्वतन्त्र भयो । परन्तु नव स्थापीत स्वतन्त्र सरकारको आरम्भ समयदेखि नै विभिन्न बहुरंगी वागिहरूसंग सामना गर्नु पर्‍यो । भिन्न भिन्न मतवालम्वी वागिहरूको समूहले देशको विभिन्न स्थानबाट सरकार विरूद्ध आवाज उठाउन थाल्यो । तिनीहरूसंग हतियारको कमी थिएन । द्बितीय विश्वयुद्धमा जापानी तथा अन्य मित्र राष्ट्रहरूले बर्मी युवकहरूलाई आफ्नो समर्थन दिलाउनको लागि खुल्ला रूपमा हात हतियार वितरण गरिएको थियो । अब देशमा सुव्यवस्थित शासन लागू गर्नको लागि यी नै बाधक बनेको थियो । वागिहरू यति शक्तिशाली थियो कि नवनिर्मित सरकारको लागि तिनीहरूको सामना कठीन थियो । चारैतिर विस्तारै वागिहरूको प्रभुत्व जन्म थाल्यो । सबैतिर उनीहरू कै बोलवाला थियो । समाजवाद, साम्यवाद, जातिवाद, क्षेत्रवादको नारा लगाउने वागिहरू विभिन्न स्थानमा कब्जा गरेर बसेको थियो । एक समयमा त वर्माको संयुक्त सरकार केवल रंगून नगरको सरकार मात्र बन्न पुगेको थियो । वागिहरूको एक दलले त रंगून शहरमा समेत आफ्नो प्रभूत्व जमाउने प्रयत्न गरेको थियो । शहरभन्दा १०-१२ मील टाढासम्म आफ्नो आधिपत्य जमाएको थियो । संयुक्त सर कारको अस्तित्व खतरामा परेको थियो । देशमा अराजकता फैलिएको थियो । रंगूनको सरकार ढलेमा देशको संयुक्त सरकार नै खतम हुनेथियो । सारा देश सा-साना टुक्रामा विभाजीत हुनेथियो । सरकार चिन्तित थियो, सेना चिन्तित थिए । परन्तु गर्ने के ? बच्ने केही उपाय थिएन ।

पूज्य गुरूदेव देशमा सुख शान्ति चाहनुहुन्थ्यो, समीद्ध चाहनुहुन्थ्यो । तर उहाँले मात्र के गर्न सक्नुहुन्थ्यो र ? उहाँको बल त धर्म-बलमा थियो । कहिले प्रधानमन्त्रीको घरमा गएर मंगल मैत्री दिनुहुन्थ्यो । कहिले आफ्नो घरमा बसेर आफ्नो देशको सुरक्षा होस् भनेर मंगल कामना गर्नुहुन्थ्यो ।

उहाँको हृदय कमल झैं कोमल भए तापनि कुनै कुनै घटनालाई हेर्दा उनको हृदय बज्रजस्तो कठोर देखिन्छ। तत्कालिन वर्मा सरकारको आपतकालिन अवस्था सुल्झाउनको लागि छिमेकी देशबाट मद्दत मागेको थियो। छिमेकी मित्र राष्ट्र थियो। छिमेकी राष्ट्रले सहयोग गर्न स्वीकार गर्‍यो। तर जुन सामानहरू दिन स्वीकार गरेको थियो, ती हवाई जहाजबाट मात्र ल्याउन सम्भव थियो। तर सरकारसंग आवश्यक विमान सेवा उपलब्ध थिएन। त्यो पनि विदे शबाट नै उपलब्ध गराउनु पर्दथ्यो। यस योजनालाई सफल बनाउन सरकारले जुन निर्णय गर्‍यो त्यो देशको कानूनसंग अमिल्दो थियो।

सयाजी उ वा खिन एकाउन्टेन्ट जनरल हुनुहुन्थ्यो । उहाँले सरकारको त्यस निर्णयलाई अवैध घोषणा गर्नुभयो । सरकार असमंजसमा पर्‍यो । प्रधानमन्त्रीलाई थाहा थियो कि सयाजीको सिद्धान्त प्रवल छ । परन्तु यस मामलामा सम्झौता गर्नेहरू थिएन । उहाँ हमेशा यही भन्नु हुन्थ्यो कि राज्यकोषको एक पैसा पनि नियम विरूद्ध खर्च हुन नदिनको लागि नै म काम गरिरहेछु, त्यस काम गरे वापत म तलब लिने गर्दछु ।

प्रधानमन्त्रीको मनमा सयाजीको यस कर्तब्यनिष्ठताको प्रति अपूर्व सन्मान थियो। परन्तु अवस्था एकदम नाजुक थियो। अत: सयाजीलाई सरसल्लाह गर्नको लागि बोलाइयो । परन्तु, आपतकालिन अवस्था सुल्झाउनको लागि हर हालतमा सामान ल्याउनु नै पर्थ्यो । यसको लागि खर्चको अति आवश्यक थियो । यस समस्याको लागि सयाजीसंग के गर्ने भन्ने प्रश्न गरे । सयाजीले मार्ग दर्शन गर्नु भयो र सरकारले त्यसलाई अपनायो र सही उद्देश्य पूर्ती गर्न सफल भयो ।

विस्तारै-विस्तारै राष्ट्रिय सेनाले वागिहरूलाई खतम गर्‍यो। केवल सुदूर वर्ती पहाडी देश बाहेक लगभग सम्पूर्ण भागमा वागिहरूलाई साम्य गरेको थियो। अब सरकारले समाज-कल्याणको विभिन्न योजनाहरूमा अधिक ध्यान दिन थाल्यो। भिक्षु संघको कृपाले देशमा साक्षरताको समस्या थिएन। केहीलाई छोडेर सारा देशवासी साक्षर थियो । परन्तु उच्च शिक्षाको अभाव थियो । यसलाई पूर्ती गर्ने हेतुले गाउँ-गाउँसम्म वयस्क-शिक्षा आरम्भ गर्ने घोषणा प्रधानमन्त्रीले गर्नुभयो । साथमा यस कार्यको लागि सम्बन्धित मन्त्रालयबाट एकमुष्ट रकम निष्काशन गर्ने घोषणा पनि गर्नु भयो ।

यस योजना प्रति सयाजीको पूर्णतया सहानुभुति थियो। परन्तु यति धेरै रुपैयाँ बजेट अनुसार कहींबाट पनि निष्काशन गर्न मिल्दैनथ्यो। अत: एकाउन्टेण्ट जनरलले त्यसको विरोध गर्‍यो । प्रधानमन्त्रीलाई बडो अप्ठचारो पर्‍यो । उ वा खिनको विरोध नियमानुकूल नै थियो। अत: सयाजीको कुरालाई स्वीकार गर्‍यो । परन्तु घोषणा गरेको कुरालाई पूरा गर्नु पनि त्यत्तिकै आवश्यक थियो । प्रधानमन्त्रीले यसको परिपूर्तिको लागि एउटा अर्को बाटो खोज्यो । रंगूनको रेस-कोर्स क्लवका प्रमुख अधिकारीहरूलाई बोलाइयो र यस योजना सफल गर्नको लागि केही सहयोग माग्यो। यसको लागि एकदिन विशेष घोडादौड प्रतियोगिताको आयोजना गर्‍यो, जसको प्रवेश शुल्क महँगो थियो। त्यसबाट हुने आम्दानी त्यस शुभकार्यका लागि दान दिने निर्णय गर्‍यो। प्रधानमन्त्रीको निर्णयलाई कसले टाल्न सक्छ र ? उहाँको निर्णय अनुसार काम भयो । रेस-क्लवलाई यस खेलबाट धेरै आम्दानी भयो। एक विशाल सार्वजनिक सभामा यस रकमको चेक रेस क्लवले प्रधानमन्त्रीलाई भेट दियो र प्रधानमन्त्रीले सम्बन्धित मन्त्रीलाई भेट दिइयो ।

आयोजना पश्चात केस पुन: सयाजीको अफिसमा पुग्यो। उहाँले पैसा

Downloaded from http://www.dhamma.digital

निष्काशन गर्न रोकिदिनु भयो । प्रधानमन्त्री हैरान हुनुभयो । प्रधानमन्त्रीको आफ्नो प्रतिष्ठाको कुरा थियो । उ वा खिनले फेरि किन चेकको भुक्तनी गर्न रोक्यो ? त्यो त सरकारी पैसा थिएन । त्यसलाई रोक्ने उसको के अधिकार ? रेस-कोर्सबाट भएको आयबाट सरकारी टैक्स काटेर बाँकी रकम भुक्तान गर्न सकिन्छ भन्ने कुरा उहाँले बताउनु भयो । प्रधामन्त्री नाजवाव थियो, उहाँले मुस्कुराउँदै स्वीकार गर्नु भयो र त्यस्तै नै भयो ।

प्रधानमन्त्रीको त के कुरा, कुनै पनि क्याविनेट मन्त्रीको निर्णयको विरोधमा निर्भयतापूर्वक आवाज उठाउने काम यही अफिसरले मात्र गर्न सक्थ्यो ।

उ वा खिन देशको शासन सेवा जिम्मेदारी पूर्वक निभाउनमा जति निर्भिक थिए उत्तिकै निष्पक्ष पनि । यसै प्रसङ्गमा एउटा अर्को घटना ।

उहाँको अफिसमा एकजना कनिष्ठ अधिकारी थियो । उहाँको प्रिय शिष्य थियो । ऊ एकदम विनम्र र सेवाभावी व्यक्ति थियो । गुरूजीको सेवामा सदैव तत्पर रहन्थ्यो । गुरूजीको पनि उनी प्रति अधिक वात्सल्य भाव थियो । परन्तु त्यो वात्सल्यभाव कर्तव्य परायणताको क्षेत्रमा त्यति सुदृढ हुन सकेको थिएन । सालको अन्तिम समयमा अधिकारीहरूको प्रमोशनको समय थियो । प्रमोशनको लिस्टमा यस व्यक्तिको नाम सबभन्दा माथि थियो, किनकि सेवा वर्षको आधारमा ऊ अन्यभन्दा वरिष्ठ थियो, यसकारण प्रमोशनको सही हकदार थियो । गुरूदेवले चाहनु भएको भए उसको प्रमोशनको सिफरिश सजिलै गर्न सक्नुहुन्थ्यो । तर उहाँले गरिदिनु भएन । प्रमोशनको लागि केवल वरिष्ठताले मात्र पुग्दैनथ्यो, योग्यता र कार्य दक्षता पनि चाहिन्थ्यो । त्यसको कमी उनमा थियो । गुरूजीले उसलाई माया गरेर सम्झाउनु भयो पहिला लेखा सम्वन्धी परिक्षा पास गर अनी तिम्रो प्रमोशन गरिदिन्छु । शिष्यले गुरूजीको कुरा स्वीकार गऱ्यो । यो परिक्षा पूरा गर्नको लागि उसलाई दुई वर्ष लाग्यो, तब उसको प्रमोशन गरिदिनुभयो ।

निर्भयताको साथै निष्पक्षताको विशिष्ट गुण पनि उहाँमा निहित थियो ।

यस्तो निर्भिक र निष्पक्ष, निस्पृह र निरासक्त वात्सल्य प्रेमको धनी व्यक्ति यदाकदा पाउँदैन । मेरो सौभाग्य हो कि यस्तो अनासक्त गुरूदेवको चरणमा बसेर । धर्म सिक्ने अवसर पाएँ । उनको गुणको सम्झनामा उहाँलाई सत् सत् प्रणाम !

उहाँ सन् १९६७ मा सरकारी वहदाबाट हट्नु भयो र १९७१ सम्म धर्म सिकाउनु भयो । उहाँले आफ्नो मृत्युको केही समय पहिले आफूलाई मद्दत गर्ने व्यक्तिहरू स्कूलमा भर्ना गयरिदिएका देखि लिएर साधनामा मद्दत गर्ने सम्पूर्ण व्यक्तिहरूलाई संस्मरण पत्र लेख्नुभयो । जनवरीको १८ तारिखमा उहाँ अचानक विरामी पर्नुभयो र २० तारिखको दिनमा उहाँको देहवसान भयो ।

(साभार: विपश्यना पत्रिकाहरूबाट) धर्मपुत्र
स.ना.गो.

---

## हिन्दी

अहोभाग्य गुरूवर मिले, कैसे संत सुजान ।
मार्ग दिखाया मुक्ति का, शुद्ध जगाया ज्ञान ॥

सत्गुरू की संगत मिली, जागा पुण्य अनन्त ।
सत्य धर्म का पथ मिला, करे पाप का अन्त ॥

बोधिसत्व गुरूदेव ने, पकडी मेरी बांह ।
मुक्ति विधायक पथ दिया, बोधिवृक्ष की छांह ॥

काम क्रोध की बाढ में, डूब रहा मँझधार ।
दिया सहारा धरम का, गुरूवर लिया उबार ॥

गुरूवर तेरे पुण्य का, कैसा प्रबल प्रताप ।
जागा बोध अनित्य का, दूर हुए भवताप ॥

नमस्कार गुरूदेव को, कैसे संत सुजान ।
धर्मपथ ऐसा दिया, करे जगत कल्याण ॥

## हिन्दी

गहन निशा वन भटकते, हुआ विकल गुमराह ।
सहज सिखाया धरमपथ, गुरू ने पकडी बांह ॥

धन्य भाग ! गुरूवर मिले, करूणा के भण्डार ।
अन्धेको आँखे मिली, सत्य धनका सार ॥

धरम नीर ऐसा मिला, धुला चित्त का चीर ।
मिटी देखते देखते, तन की, मन की पीर ॥

मन मदमत गजेन्द्र सा, जरा न वश में आय ।
सन्त महावत सा मिला, अंकुश दिया लगाय ॥

जीव डुबकियां खा रहा, भवसागर के बीच ।
धन्य ! धन्य ! गुरवर मिले, लिया बाह भर खींच ॥

जो गुरूवर मिलते नहीं, धरम - गंगा के तीर ।
तो बस गंगा पूजता, यी पाता ना नीर ॥

GREE किरारा इलेक्ट्रोनिक्स नेपाल
Making Better Air Conditioners
Kirara Electronics Nepal
Tel: 01-4253900, 4228719
e-mail: kirara@vianet.com.np, web: www.gree.com.cn

*सम्पादक :* रोशनी शाक्य, प्रकाशक : नेपाल विपश्यना केन्द्र, धर्मश्रृङ्ग, बुढानीलकण्ठ, काठमाडौं । *फोन :* ४३७१६५५, ४३७१००७ २०६७ चैत्र
*सम्पर्क स्थान :* श्री रूप ज्योति, ज्योति भवन, पो. ब. नं. १२८९६, काठमाडौं । *फोन :* ४२२५४९०, ४२२३९६८, ४२४८९४९, ४२५०५८१; email: nvc@mail.com.np
*मुद्रक :* न्यू नेपाल प्रेस, *प्रधान कार्यालय :* ४४३४ ८५०, ४४३४ ७५३; *शाखा कार्यालय :* ४२५ ९०३२, ४२ ९४५०; email: nepalpress@gmail.com

जि.प्र.का.द.नं. ३८/५१/५२

● आजीवन शुल्क रू. २००/-

साधकको नाम : ..................

ठेगाना : ..................

..................

..................

Downloaded from http://www.dhamma.digital

**१९९७ को लागि नवनियुक्त आचार्यहरू तथा तिनका कार्यभार :**

१,२) श्री राम सिंह एवं श्रीमती जगदीश कुमारी : भारत सरकार एवं राज्य सरकारहरूमा विपश्यनाको प्रचार प्रसार ।

४,५) श्री सत्येन्द्रनाथ एवं श्रीमती लाज टंडन : सहायक आचार्य, वरिष्ठ सहायक आचार्य, ट्रष्टी एवं धर्मसेवकहरूको कार्यशाला ।

६) श्री एस. अडवियप्पा : आन्ध्रप्रदेश, तुमिलनाडु, कर्नाटक एवं केरल में धर्म-प्रचार ।

११) श्री चौथमल गोयन्का : 'धम्मसुमन' बैंगलोरमा सेवा ।

१२,१३) श्री भीमजी एवं श्रीमती पुष्पा सावला : 'धम्मसिन्धु' वाषमा सेवा प्रदान ।

१४,१५) श्री महासुख एवं श्रीमती मञ्जु खंधार : 'धम्मगिरी' मा सेवा ।

१६,१७) श्री प्रेमजी एवं श्रीमती मधु सावला : 'धम्मगिरी' मा सेवा

१८,१९) प्रो. प्यारेलाल एवं सुशीला धर : 'धम्म-तिहाड' तिहाड- जेलमा सेवा प्रदान ।

२०) डा. राजेन्द्र चोखनी : शोध - कार्य ।

२३,२४) श्री काश्यप एवं श्रीमती कमाल धर्मदर्शी : उत्तर गुजरातमा विपश्यना प्रचार ।

२५) श्री बचुभाई शाह : दक्षिण गुजरातमा विपश्यना प्रचार ।

२६) सुश्री शान्ति शाह : बच्चाहरूको शिविरको व्यवस्थापन ।

२७) श्री विट्ठलदास मोदी : 'धम्मविमुक्ति' कुशीनगरमा सेवा ।

२८) श्री मनहरभाई पटेल : 'धम्मपीठ' अहमदावादमा सेवा ।

२९,३०) श्री नारायण एवं रमा पाटिल : 'धम्मसरोवर' मा सेवा ।

३१) श्री विमलचन्द सुराना : 'धम्मथली' जयपुरमा सेवा ।

३२,३३) श्री शेर सिंह एवं विमला कुमारी जैन : 'धम्मसलिल' देहरादुनमा सेवा ।

३४) श्री बलराज चड्डा : 'धम्मशिखर' धर्मशालामा सेवा ।

३९,४०) श्री अरूण एवं कमला तोषणीवाल: प्राविधिक साधनको व्यवस्थापन ।

४१) डा. धनंजय चह्वान : विपश्यना विशोधन विन्यासमा सेवा ।

४२) सुश्री प्रीति देढिया : विपश्यना विशोधन विन्यास कम्प्युटर विभाग एवं मुम्वईमा वाल शिविर ।

४३,४४) Mr. John & Mrs. Gail Beary : 'धम्मभानु' जापान, 'धम्मकमल' धम्मआभा' थाइलैण्डमा सेवा ।

४५,४६) Mr .John & Mrs. Joanna Luxford : 'धम्ममेदिनी' न्यूजीलाण्डमा सेवा ।

४७,४८) Mr. Patrick & Mrs. Ginnie Give– Wilson : धम्मभूमी' अष्ट्रेलियामा सेवा ।

४९,५०) Mr . Brindley & Mrs. Dama Yanthi Ratwatte : 'धम्मकूट' श्रीलंकामा सेवा ।

५१) Dr. Mrs. Kay Wain : 'धम्मज्योति', 'धम्मरतन', 'धम्ममण्डल' मा सेवा ।

५२,५३) Mr. Rick & Mrs. Gair Crutcher : 'धम्मकुञ्ज' वाशिङ्गटनमा सेवा ।

५६) Mr. John Burchall : 'धम्मआलोक' अस्ट्रेलियामा सेवा ।

५६,५८) Mr. Steve & Mrs. Christine Smith : 'धम्मपभा' अष्टेलियामा सेवा ।

५९,६०) Mrs. Anne Doneman: 'धम्मरश्मी' अस्ट्रेलियामा सेवा ।

६१,६२) Mr. Barry & Mrs. Kate Lapping : 'धम्मधरा' मासेच्युसेटमा सेवा ।

६३,६४) Mr. Thomas & Tina Cristman : 'धम्मशिरी' टेक्सस्मा सेवा ।

६५,६६) Mr Harry & Vivian Snyder : अमेरीकाका जेलमा धर्म प्रचार ।

६७) Bhikku Sanghabodhi : 'धम्मकम्वोज' कम्पुचियामा धर्मप्रचार ।

६८) Mr. Bill Hart : अंग्रेजी साहित्यमा सेवा ।

६९) Mr. Arthur Nichols : दक्षिण अमेरिकामा सेवा ।

**नेपालका लागि नवनियुक्त वरिष्ठ सहायक आचार्य :**

१,२) श्री रूप एवं श्रीमती वीणा ज्योति नेपालका लागि नवनियुक्त सहायक आचार्य :

१) श्री अमरचन्द धाडेवा

Downloaded from http://www.dhamma.digital